**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ० अगस्त २०२३

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१. विदेश मन्त्री डा एस जयशंकरले संसदको दुवै सदनमा बयान दिँदै भन्नुभएको छ बांग्लादेशमा जारी व्यापक हिसांले उत्पन्न अशान्ति बीच भारत सरकार आफ्नो नागरिकहरुको लगातार सम्पर्कमा छ।
२. बांग्लादेशको संकटपुर्ण स्थतिको मध्येनजर सीमा सुरक्षा बल बीएसएफका महानिदेशक दलजित सिंह चौधरीले पश्चिम बंगालका सीमावर्ती क्षेत्रहरुको भ्रमण गरि जवानहरुको तैनाती बारे समीक्षा गर्नु भएको छ।
३. बांग्लादेशका राष्ट्रपतिले सेना प्रमुखको परामर्शमा संसद भंग गर्नु भएको छ तथा चाड़ैनै सरकार गठन गर्ने घोषणा गर्नु भएको छ।
४. लगातार वर्षा र पैह्रोको कारण राष्ट्रीय राजमार्ग 10 मा वाहनहरुको चलाचल माथि प्रतिबन्ध लगाईएको छ।
५. पेरिस ओलम्पिकमा आज पुरुष हकीको सेमीफाईनलमा भारत र जर्मनी भिड़नेछन्। म्याच भारतीय समय अनुसार राती साढ़े 10 बजि देखि खेलिनेछ।

**संशो राज्यसभा जयशंकर बांग्लादेश**

बंगलादेशमा भइरहेको अशान्ति बीचमा, भारत त्यहाँका भारतीय नागरिकहरूसँग आफ्ना कूटनीतिज्ञहरूमार्फत निरन्तर सम्पर्कमा छ। विदेशमन्त्री डा एस जयशंकरले संसदको दुवै सदनमा वयान दिनुहुँदै हाल बंगलादेशमा लगभग १९ हजार भारतीय नागरिक मध्ये नौ हजार विद्यार्थी रहेको बताउनुभयो। आज राज्यसभामा बंगलादेशको अवस्थाको बारेमा एक बयानमाए विदेशमन्त्री डा एस जयशंकरले भन्नुभयो कि ढाकामा रहेको भारतीय उच्चायोगको सल्लाहमा गत महिना मात्र धेरै संख्यामा विद्यार्थीहरू भारत फर्किएका छन्। डा जयशंकरले त्यहाँ बसोबास गर्ने अल्पसंख्यकको अवस्थालाई केन्द्र सरकारले निगरानी गरिरहेको पनि बताउनुभयो । उनीहरूको सुरक्षा र कल्याण सुनिश्चित गर्न विभिन्न समूह र संगठनहरूले पहल गरेको रिपोर्टहरू छन्। भारतले यी पहलहरूको स्वागत गरेको तर शान्ति सुव्यवस्था कायम नभएसम्म यस विषयमा चिन्तित रहने पनि डा जयशंकरले बताउनुभयो।हालको अवस्थालाई मध्यनजर गर्दै सीमा सुरक्षा बललाई पनि सतर्क रहन निर्देशन दिइएको डा जयशंकरले बताउनु भयो। उहाले बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाले सुरक्षा निकायका प्रमुखसँगको बैठकपछि राजीनामा दिने निर्णय गरेको बताउनुभयो। श्रीमती हसिनाले भारत आउन अनुमति मागेको र हिजो साँझ उहाँ दिल्ली आइपुगेको पनि विदेश मन्त्री डा जयशंकरले जानकारी दिनुभयो। श्री जयशंकरले भन्नुभयो कि विगत २घण्टादेखि हामी ढाकाका अधिकारीहरूसँग नियमित सम्पर्कमा छौं। उहाले बंगलादेशका सेना प्रमुख जनरल वकार–उज–जमानले हिजो राष्ट्रका नाममा सम्बोधन गर्दै जिम्मेवारी लिन र अन्तरिम सरकार गठन गर्ने बताउनुभयो।

****** ० ******

पश्चिम बंगाल - बी एसएफ महा नि देशक

सीमा सुरक्षा बल-बी एसएफका महा निदेशक दलजित सिंह चौधरी ले आज पश्चिम बंगालको उत्तर २४ परगना जिल्ला मा रहेको भारत-बंगला देश सीमाना को भ्रमण गर्नु भयो। उहाँ कोभ्रमणको उद्देश्य सी मा क्षेत्रमा बी एसएफको परिचालन रणनीति क तयारी हरूको समीक्षा गर्नु रहेको छ। बंगला देशको वर्तमार्त मान घटना क्रमला ई ध्यानमा र ख्दै बी एसएफले सुरक्ष व्यवस्था बढ उन भारत–बंगला देश सीमामा उच्च सतर्कता जारी गरेको छ।

************

**नेपाल.अलर्ट**

बंगलादेशमा जारी अशान्तिबीच ढाकास्थित नेपाली दूतावासले त्यहाँ बस्ने आफ्ना नागरिकका लागि परामर्स जारी गरेको छ । दूतावासले हिजो एक नोटिस जारी गर्दै सबै नेपाली नागरिकहरुलाई आ–आफ्नो ठाउँमा सुरक्षित बस्न र आवश्यक परेमा दूतावासबाट सहयोग लिन आग्रह गरेको छ।बांग्लादेशमा वर्तमानमा लगभग ४०० नेपालीहरु छन् त्यसमध्ये अधिकांश अस्पतालहरुमा प्रशिक्षुको रूपमा काम गरिरहेका छन्। 2 हजार ६०० नेपाली छात्र छात्राहरु मध्ये अधिकांश आ -आफ्नो घर फर्किसकेका छन्।

************

**वक्फ बिधेयक**

अखिल भारतीय सुफी सज्जादंशिन परिषदले आज वक्फ संशोधन विधेयकमा भएको संशोधनको स्वागत गरेको छ। यो विधेयक संसदको वर्तमान अधिवेशनमा पेस हुनेछ । परिषद्का अध्यक्ष हजरत सैयद नसिरुद्दीन चिश्तीले विधेयकको मस्यौदा पारदर्शी हुने र यसमा कसैलाई आपत्ति नहुने विषयमा आफू विश्वस्त रहेको बताउनुभएको छ । नयाँदिल्लीमा पत्रकारहरूसितको कुराकानीमा उहाँले भन्नुभयो - यो विधेयकको विरोध गर्नेहरूले समाजलाई भ्रमित पार्न खोजिरहेका छन्। उहाँले अझ भन्नु भयो - सबै वक्फ बोर्डमा व्यापक भ्रष्टाचार भएको छ र वक्फ बोर्डका केही पदाधिकारीले पनि पदको दुरुपयोग गर्दै आएको आरोपहरू निरन्तर लागी रहेकोछ । परिषद्का अध्यक्षले समुदायको उत्थान र दरगाहको सम्पत्ति व्यवस्थापनका लागि दरगाह बोर्ड गठन गर्न पनि सरकारलाई आग्रह गर्नु भएको छ।

****** ० ******

**एम्स**

केन्द्र सरकारले प्रधानमंत्री स्वास्थ्य सुरक्षा योजना बमोजिम देशभरी 22 नयाँ अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) खोल्ने मंजूरी दिइएकोछ। राज्यसभामा प्रश्नकालको बेला एउटा पूरक प्रश्नोको जवाफमा स्वास्थ्य एवं परिवार कल्याण राज्यमंत्री अनुप्रिया पटेलले यो जानकारी गराउनु भएको हो ।

****** ० ******

**नीरज जिम्बा**

पश्चिम बंगाल बिधानसभामा दार्जिलिङका बिधायक निरज जिम्बाले केन्द्र सरकार र राज्य सरकारले भारतीय गोर्खाहरुलाई न्याय दिने समय आएको छ भनि एक पत्रकार सम्मेलनमार्फत बताउनु भयो द्यबिधानसभामा तृणमूल र भाजपाले अखण्ड बंगाललाई समर्थन गरेता पनि भारतीय गोर्खाहरुको न्याय प्राप्तिको लागि भने दार्जिलिङका बिधायक जिम्बाले केन्द्र र राज्य सरकारलाई भारतीय गोर्खाहरु खुशी छैनन भन्ने कुराको सन्देश दिदै न्यायको निम्ति आफ्नो अडान राख्नु भयो ।

****** ० ******

**एन.एच १०**

पश्चिम बंगालको सिलीगुड़ी र सिक्किमको राजधानी गान्तोकलाई जोड़ने राष्ट्रिय राजमार्ग.10 मा वाहन चलाचल निषेधलाई 11 अगस्त सम्मका लागि बताइएकोछ। कालिम्पोंग जिल्ला प्रशानले निषेधलाई बढाएको हो। गत एक साता देखि लगातार वर्षाले गोरखालैंड क्षेत्रीय प्रशासन इलाकामा जनजीवन निकै प्रभावित बनेकोछ। टिस्टा नदीको जल स्तर बढेर कैयन स्थानमा राजमार्गलाई क्षतिग्रस्त बनाएको छ। राजमार्गमा पर्ने सेतीझोड़ादेखि रम्फूसम्म साँझ 6 बजेदेखि बिहान 6 बजेसम्म सबै भारी वाहनहरूको आवागमन बन्द रहनेछ भने साना वाहनहरूमाथि लगाइएको प्रतिबन्ध आगामी 11 अगस्तसम्म यथावत रहनेछ। रम्फू चेक पोस्टदेखि मल्ली बजारए चित्रेए रविझोड़ाए टिस्टा बजारए 29 माइलदेखि कालेबुङ जिल्लासम्म सड़कभरि नै ट्राफिक पुलिसलाई तैनाथ गर्ने सल्लाह दिइएको छ।कालेबुङका डीएम सुब्रमण्यम टी ले बताए अनुसार सड़कको मरम्मत कार्य पूरा नहुञ्जेलसम्म यस्तै प्रकारको निषेध जारी रहनेछ। पैह्रोको खतरालाई ध्यानमा राखेर सबै वाहनहरूलाई परिवर्तित मार्ग अपनाउन भनिएकोछ। अर्कोतिर पर्टयन व्यवसायीहरूको संगठन हिमालयन हस्पिट्यालिटी एण्ड टुरिज्म डेभलपमेन्ट नेटवर्कले पत्र लेखेर टिस्टा नदी अनि राष्ट्रिय राजमार्ग.10 लाई बचाउनको लागि प्रधानमन्त्रीको हस्तक्षेपको माग गरेका छन्।

****** ० ******

## दिल्लीमा गोर्खाहरुद्वारा कालो झण्डालाई समर्थन

गोरखा राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय अध्यक्ष मन घिसिङद्वारा शुरु गरिएको बौद्धिक आन्दोलनलाई दिल्लीमा कार्यरत गोर्खाहरुद्वारा पनि स्वागत गर्दै कालो झण्डालाई समर्थन जनाएका छन् । दिल्लीमा कार्यरत एक रुद्र गुरुङले भने " मन घिसिङले लिएको निर्णय स्वागतयोग्य छ। पार्टीको झण्डालाई पर सार्दै भारतीय गोर्खाहरु खुशी छैन भन्दै कालो झण्डा देखाएर केन्द्र सरकारलाई सन्देश दिनु पर्छ। बीस बर्ष भईसक्दा पनि भारत सरकार मौन छ। अब गोर्खाहरु पनि एउटै कालो झण्डामा आएर भारत सरकारलाई चाप दिनुपर्छ। राजनैतिक दलको झण्डा लिएर होईन सबैले आ-आफ्नो क्षेत्रबाट कालो झण्डा लगाएर भारत सरकारलाई गोर्खाहरु खुशी छैन भनि सन्देश दिनु पर्छ रुद्र गुरुङले अपिल गरेका छन्।

****** ० ******

## विद्युत विभाग

पश्चिम बंगाल राज्य विद्युत वितरण कम्पनी निगमले आउँदो पूजालाई ध्यानमा राखेर विद्युत लाईन मरम्मती काम क्रमशः शुरू गरेको छ। विभागमा खरसांग महिकुमा डिविजनल अभियन्ताद्वारा जारी एक नोटिसमा विद्युत लाईन मरम्मती कार्य अवधि ११ के.भी. र ३३ के.भी फिडर लाईनहरू पालै पालो गर्दै, इलाकामा विद्युत सर्वाह बन्द राखिन्दैछ। खरसांग र मिरिक महकुमा अर्न्तगत लाईनहरूलाई यसै अवधिमा मरम्मती गरिनेछ जसद्वारा दशै र तिहारको बेला विद्युत आपुर्ति निर्वाध रूपमा जारी रहोस तथा आम मानिसहरूलाई कुनै असुविधा नहोस। यो मरम्तती कार्यको आवश्यकता अनुरूप विद्युत आपूर्ति केही समयका लागि वाधित रहनेछ। मरम्मती कार्य ३ अगस्तदेखि शुरू भएको छ तथा ३३ के.भी स्टेशन लाईनको मरम्मती कार्य ३१ अगस्त सम्म अनि ११ के.भी स्टेशन लाईन मरम्मती कार्य २२ सितम्बर सम्म चल्नेछ। यो विद्युत आपूर्ति बिहान १० बजे देखि अपरान्ह ३ बजेसम्मको निम्ति वाधित रहनेछ।

११ के.भी खरसांग मिरिक विध्युत लाइनको मरम्मती कार्य भोली ७ अगस्तको दिन गरिनेछ। यसले गर्दा बसेरी , स्प्रींगसाइट, अम्बोटिया र पाँचघरे इलाकामा विजुली आपूर्ति वाधित रहनेछ। यसै क्रममा ११ के.भी मिलिंग विध्युत लाईन मरम्मति कार्य भोली हुनाले ,मिलिंग र वरिपरि इलाकामा विजुली आपूर्ति वाधित रहनेछ। यसरी नै ११ के.भी जोगीघाट स्थानीय लाईनहरूको मरम्मति कार्य भोली हुनाले कोइला गोदाम, तल्लो तुरूक , मामरिंग , महलदिराम, सिप्जे, माना, घलेटार, सिटोंग , नासपति गाँव , नामथिंग, जोगीघाट, मालुटार अनि सिमरिंग इलाकामा विध्युत आपूर्ति वाधित रहनेछ।

****** ० ******

## फुवागढी उपस्वास्थ्य केन्द्र

हिज सोमबार समय भइसक्दा पनि फुवागढी उपस्वास्थ्य केन्द्र बन्द रहेको अनि बिमारी जचाँउन आउनेहरूले समस्या झेल्न परेको कुरो समाजिक संजालमा भइरल भएपछि उक्त विषयमा मिरिक खण्ड प्राथमिक स्वास्थ केन्द्रका बीएमओएच डाक्टर अभिजीत महन्त अनि केन्द्रका जीटीए इनचार्ज एंव सभासद मिलेस राईले स्पष्टीकरण दिदै फुवागढी उप स्वास्थ केन्द्रका सबै कर्मचारीहरू डेङ्गु, ज्वारो आदिको लागि प्रशिक्षण लिन मिरिक खण्ड विकास कार्यालयमा आएको कारण उपस्वास्थ्य केन्द्र बन्द रहेको बताएका छन् ।द्वयले यसप्रकारको समाचार भाइरल गर्न अघि एकचोटि मिरिक खण्ड प्राथमिक स्वास्थ्य केन्द्रमा सोझै सम्पर्क गर्न सक्ने जानकारी गराँउदै हामी जनतालाई उचित स्वास्थ्य सेवा दिन चाहन्छौ अनि दिई पनि रहेका छौ भनि बताएका छन् ।द्वयले जनताको लागि नै फुवागढी उपस्वास्थ्य केन्द्रका कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गर्न मिरिक खण्ड विकास कार्यालयमा बोलाइएको बताएका छन् | सभासद मिलेस राईले मानिसको स्वास्थशीत हामी खेलवाड गर्नेछैनौ भन्दै उपस्वास्थ्य केन्द्र बन्द रहने सूचना टाँस्नु भूल भएको हो ,जो भविष्यमा याद राखिनेछ भनि बताएका छन् ।

****** ० ******

## कालेबुङ

हाइवेलाइन ब्यवसायी सङ्गठनए राष्ट्रिय राजमार्ग दशएकालेबुङका पदाधिकारीहरूले कालेबुङ वन विभागका अधिकारीलाई एउटा पत्र लेखेका छन्। तृणमूल नेता संजोग गुप्ताको नेतृत्वमा गएको टोलीले लेखेको पत्रमा उनीहरूले राष्ट्रिय राजमार्ग दशमा सड़कको खाली ठाउँमा विगत चौध वर्षदेखि स-साना चियाखाजाका पसलहरु चलाउँदै आइरहेका पसलेहरूलाई आगमी दिनमा पनि पसल सञ्चालन गर्न दियाजाओस् भन्दै लिखित अनुमति मागेका छन्। यी पसलेहरू क्रमैले टिस्टा देवग्रामए लाबरबोटे

अनि दुई माइल कालेबुङका निवासीहरू रहेका छन्। यो अनुमति चढाउने पदाधिकारीहरूमा  हाइवेलाइन ब्यवसायी सङ्गठनका अध्यक्ष सन्तोष सुब्बाए, उपाध्यक्षा पुष्पा सिञ्च्यौरी अनि सचिव महम्मद इरफान रहेका छन्।

****** ० ******

**पेरिस ओलिंपिक**

पेरिस ओलिंपिकमा  भारतको पुरुष हकी टीमको सामना आज सेमीफाईनलमा विश्व चैंपियन जर्मनी सित हुनेछ।  म्याच भारतीय समयानुसार राती साढे दस बजे शुरू हुनेछ। नीरज चोपड़ा जैवलिन थ्रो को फाईनलमा पुगेका छन् ।कुश्तीमा विनेश फोगाट महिलाहरुको 50 किलो ग्राम फ्री स्टाइलको सेमिफाईनलमा पुगेकी छिन।

****** ० ******

****** ० ******